# धराशयी समयका- हामी शिल्पकार !

**आभास**

केही मित्रहरू बीच आपसमै हामी हाम्रो पुस्तालाई 'धराशयी पुस्ता' भन्ने गर्छौं । यसो भन्नुका पछाडि राजनैतिक, सामाजिक, साँस्कृतिक लगायत छन्, अनेकौं कारण । ती सबै कारणलाई विस्तार गर्ने काम गर्लान् कुनै कुशल राजनीतिशास्त्री वा समाजशास्त्रीले । आफू त सामान्य कलाकर्मी । सोचिँदो रहेछ आफ्नै कोणबाट- हामी किन 'धराशयी' ?

सुन्दै पढ्दै आएका हौं नि ! जीवनका तीन समय छन् । प्रभात । मध्यान्न । सन्ध्या । यी तीनै समयको महत्वलाई उच्च प्राथमिकता दिइन्छ सङ्गीतमा र आफू लागिएको छ त्यसैमा । सिर्जनाका निम्ति चिन्तन जरुरी छ । घोत्लन्छु । हातमा पर्छ बंगाली संसारका 'आइकन' टैगोरको चिन्तन । तिनले जीवनका तीन समयलाई यसरी व्याख्या गरेका रहेछन्- 'प्रथम- बाल्यकाल यस अवस्थामा जे मनमा आयो त्यही फतफताइन्छ । यो समय कुनै नियम र शृंखलामा आवद्ध हुन्न । द्वितीय- जीवनको शिक्षाकालिन समय । यो उसको मौनताको समय । भनाइ छ मौनताको समय पार नगरी बोल्न सिकिन्न । यो अवधि जीवनको चरित्र र त्यसको ज्ञानलाई, चुपचाप गठन गर्ने समय हो । सम्पूर्ण गठनको समय भने यो पनि होइन । तृतीय- अभिव्यक्तिको समय ।' पहिला दुई अवस्थामा आर्जन गरेको अनुभवले तेस्रो समयलाई प्रभावशाली बनाउँछ र हामी सम्पूर्णतातर्फ उन्मुख हुन्छौं, सम्पूर्णताको शीखरमा चल्ने प्रभावशाली एउटै उच्च भाषा चाहिँ सङ्गीत मात्र हो, भन्दा रहेछन् टैगोर । उनको यो व्याख्यामा प्रवेश गरेपछि ममा एउटा प्रश्न उब्जियो । हामी अहिले कुन समयमा छौं ?

हामी र हाम्रो समय फतफताइरहेछ ? मौन रहेर चरित्र निर्माण गर्दैछ ? या अभिव्यक्तिमा प्रवेश गरिसक्यो ? म त अलमलमा पर्छु । सोच्छु । सायद विगतमा हामीले राम्ररी फतफताउन पाएनौं । त्यसले हाम्रो चरित्र निर्माणको समयलाई असर गर्‍यो र अहिले सही ढंगले अभिव्यक्त हुन सकिरहेका छैनौं । त्यसैले त जतातत‌ै लथालिङ्ग छ । समाज चाहिँ लथालिङ्ग हुने र कलाले चाहिँ उच्चता हासिल गर्ने भन्ने सवालै रहन्न । झन् सङ्गीत त समाज र त्यसको विकासक्रमसित अध्यधिक निकट रहेको कला हो । त्यसैले त यसलाई जीवन्त कला पनि भनियो । जीवन्त कलालाई सामाजिक जीवनले अत्यधिक असर गर्दछ । हाम्रो विगतको सामाजिक अवस्थालाई अहिले स्मरण गरौं त । हामीले याने हाम्रो पुस्ताले कस्ता कस्ता अवस्था पार गर्‍यो ? एकतन्त्रीय शासनले हामीलाई मनग्य फतफताउन समेत दिएन बोल्ने त कुरै रहेन । प्रजातन्त्र पश्चात हाम्रो अलिअलि शृंखलाहीन फतफताइ सुरु भएको मात्र के थियो हामी अनेक खालका भित्री बाहिरी आक्रमण र प्रत्याक्रमणमा फस्न पुग्यौं ।

हाम्रो सङ्गीतको धरातल मजबुत नहुँदै बाहिरी सञ्चारका विविध माध्यमले प्रवेश पाए । हाम्रा आन्तरिक शैलीहरू कमजोर र प्रभावहीन हुँदै गए र अनुकरण शैली मात्र हावी भयो । सञ्चारमाध्यमकै अति प्रभावले गर्दा एउटा व्यापारिक च्यानलले फैलाएको नाफामुखी होऽहोऽमा समेत हामीले ठूलै रकम उडाउँदै बेतुके गर्ववोध गर्ने अवस्था आइपुग्यो र हाम्रा सञ्चार माध्यम समेत तिनकै पछि दौडिए । अब सावित भइसक्यो । वर्तमानमा हामीले रोक्नै नसक्ने धेरै खाले प्रवाह रहेछन् । रोक्न सक्ने विधामा त हामीले अनुकरण शैलीलाई नै अपनायौं भने, सङ्गीतलाई त विश्व भाषा भनेर उम्किँदै आइएको छ । रोक्न सक्ने विधा भनेर मैले राजनीतितिरको आन्तरिक शैलीलाई शंकेत गरेको हुँ । प्रजातन्त्रवादी भन्नेहरूले विहारलाई आदर्श माने र क्रान्ति गर्छु भन्नेले मात्र बन्दुकलाई । यी दुबै हाम्रालागि सम्पूर्णताका उत्पादक शैली होइन रहेछन् । यसोभन्दा विगतमा भएको 'क्रान्ति'लाई अपमान गरेको ठहरिँएला । तर निकट विगतमा भएका कलासम्बन्धी केही गाईजात्रे निर्णय, खासगरि राष्ट्रिय प्रतीक र राष्ट्रगानको हास्यास्पद अवस्था र सबै दलको अलोकप्रियताका कारण अनिर्णयमा अल्झने गरेको निरन्तरतालाई हेरेर हामी कुन निर्णयमा पुग्ने ? म त ठान्छु हामी अझै फतफताउने समयमै छौं । दोहोरी गीतको एकोहोरो भाकाजस्तो । हामी जतातत‌ै फतफताइरहेका छौं- गर्नु गरे नेताले, के के गरेर !

अब दोहारीलाई नै लिउँ न ! मेरा एकजना पाकामित्रले भने- 'हामी हाम्रा लोकभाकालाई हेला गर्थ्यौं हेर त लोक कलाकारहरूको सिर्जनात्मक सफलता ?' मैले उनलाई भनें- 'पहराबाट शीलाजीत बटुलेर सिधै बजारमा बेच्नु सिर्जनात्मक कर्म होइन मित्र ! त्यस्तो कर्म जीवन यापन गर्न अपनाइएको जोखिमपूर्ण व्यावसाय भने अवश्य हो । त्यो कर्म त्यतिखेर मात्र सिर्जनात्मक मानिन्छ, जतिखेर बटुलेको शीलाजीतमा रहेको रासायनिक तत्वको अध्ययन अनुसन्धान पश्चात उपयोगी नयाँ ओखती निर्माण गरिन्छ । शीलाजीतमै मात्र भरपर्ने जीवनशैली पहिरो गएको वर्ष धरापमा पर्छ ।' मेरो भनाइले लोकपारालाई हेला गरेको ठानेछन् कि कसो । ती पाकामित्र अलिक पाखा लागे । मैले त लोक शैलीको सैद्धान्तिक पक्ष र भाव पक्षको गहिरो अध्ययनपछि त्यसमा आधारित रहेर नायाँ सिर्जना गऱ्यो भने मात्र हाम्रो पहिचान नगुमेको कलाको सिर्जना होला भन्ने तर्क राख्न खोजेको थिएँ । उनीबाट पनि तर्ककै आशामा थिएँ । लौ ती त त्यसै तर्किए ! तर्क गर्दा यसरी तर्कने धेरै मित्रहरूको मैले सामना गरेको छु । कति त अहिले बाटोमा भेट्दा समेत देख्दै नदेखे झैं तर्कन्छन् । त्यसबाट म झन् विश्वस्त हुँदै आएको छु । टैगोरले व्याख्या गरेको प्रथम पाइलामै हाम्रो अल्झाइ कायम छ । तर्कको युगमा त हामी कहिले प्रवेश गर्छौं कहिले ?

तर्ककै सन्दर्भमा कुरा उठ्दा अर्को कुनै साँझको सम्झना । केही मित्रहरू बटुलेर गीत सुनाउँदै थिएँ । मेरा नयाँ गीतहरू सुन्दै गरेका एकजना मित्र विस्तार निद्रादेवीको शरण खोज्दै थिए । मैले फ्याट्ट सोधें- 'निद्रा लाग्यो कि कसो ?' होइनभन्दै एकछिन् सकपकाए । अरु एक दुईवटा गीत सुनिसक्दा उनलाई अति भएछ कि कसो । भने- 'होइन यार ! गीत सुन्दा पनि मेहनत गर्न त सकिन्न नि ?' मैले तत्काल केही भन्ने आँट नै गरिँन । आफ्नो सिर्जना नरुचाउनेलाई अङ्गालो हाल्ने उदारता भएको उच्च मानवता मभित्र आइसकेको छैन । सायद आउँदैन पनि होला कि ? सबैका सिर्जनाले सबैलाई आकर्षित गर्नै पर्छ भन्ने त छैन । एउटा सर्जक आफ्ना सिर्जनामा भने विश्वस्त हुनैपर्छ । आफ्ना सिर्जनामा विश्वस्त छु म । नभए त यतिखेरसम्म पलायन भइसक्थें । तक्षण कतै पढेको हरफ सम्झिन्छु र भन्छु । त्यो पनि अँग्रेजीमा- we all listen to music according to our individual capacities । मेरो बोक्रे विद्धताले उनलाई घोचेछ कि कसो ? माफ माग्दै महेफिलबाट बिदा भए । म उनीसित मान्छेको सुन्ने आदत र क्षमताकाबारेमा हार्दिक छलफल गर्न चाहन्थेँ । जसका माध्यमबाट सङ्गीतको स्तर र प्रवाभमा समेत प्रवेश गर्न सकिन्थ्यो । सुन्ने सँस्कार बसाल्नु भनेको मनपर्ने कुरा मात्र सुन्नु होइन नि ! मन नपर्ने कुरालाई पनि सुनेर मात्र प्रतिक्रिया दिने अवस्थासम्म पुग्नु नै सुन्ने सँस्कारको निर्माण हो । त्यसो भन्न चाहन्थेँ । अझ सुन्ने आदत खानाको आदत जस्तै परिवर्तनशील प्रवृत्ति हो र यसलाई समय समयमा परिमार्जित गर्नु पनि पर्छ । भन्न चाहन्थेँ । तर यो घटनाको बीट पनि त्यति प्रिय ढंगले मरेन । सोचेँ- हाम्रो समयलाई मेहनत फोवियाले गाँजेको छ । यसबाट पनि हाम्रो समय टैगोरको व्याख्याको प्रथम खुट्किलैमा अड्के झैं लाग्छ ।

सायद हाम्रा कान अनुकरण शैलीकै प्रभावमा मात्र अभ्यस्त भइसके । त्यसैले हामी नयाँलाई पचाउने मेहनत नै गर्दैनौं । या सक्दैनौं । कि हामी ज्याक्सनका नेपाली स्वरुप खोज्छौं कि ब्राइन, एल्विस, नोरा र ब्रिट्नीका । एकातिर हामी आयातित पारालाई नै नौलो भनी व्याख्या गरिदिन्छौं । (जो उता विद्यमान छ, यता आउदैमा कसरी नौलो हुन्छ ?) र अर्कोतिर नारायण गोपालहरूलाई मन पराइदिएर बडो मौलिकता र राष्ट्रप्रेमी पनि बनिदिन्छौं । नयाँ गायकमा पनि नारायणहरूकै प्रतिरुप खोजिदिन्छौं । यसरी नयाँ गायकमा पुरानाकै प्रतिरुप खोज्दा सम्भावित स्वर्णिम र नौला आगमनको अन्त्य हुन्छ भन्ने चाहिँ ख्यालै गर्दैनौं । हामी धरासायी अवस्थाबाट पार भयौं कि भन्ठान्छौं तर फेरि त्यहीँ अड्कन्छौं । त्यसैले त हामी भन्ने गर्छौं आफैँलाई 'धराशयी पुस्ता' । जे होस् । यो अवस्थाबाट अघि बढ्ने सम्भावना भने अझै मरेको छैन । किनभने हाम्रो  शृंखलाहीन र अनिवद्ध फतफत जारी छ ।